# मिक्वाखोला गाउँपालिकाको आर्थिक बर्ष २०७७/७८ को नीति तथा कार्यक्रम

**माननीय सदस्य ज्यूहरु,**

**यस गरिमामय गाउँसभामा आ.व. २०७७/७८ को नीति तथा कार्यक्रम पेश गर्दछु ।**

नेपालको संविधानले अंगिकार गरेको राष्ट्र तथा राज्य निर्माणको मार्गमा मिक्वाखोला गाउँपालिकाले अग्रगामी कदमहरु निरन्तर रुपमा चलायमन पार्ने प्रतिवद्दतालाई आत्मसात गर्दै स्थानीय सरकारको प्रत्याभूत जनस्तरमाझ पुऱ्याउने कार्यको आरम्भ गरेको छ । अबको समयमा सबल, सक्षम र प्रभावकारी स्थानीय तहको अवधारणालाई सार्थकता प्रदान गर्न आफ्नो ठाउँ आफैं बनाऊ भन्ने मुलमन्त्रलाई समेत हृदयङ्गम गर्दै यस मिक्वाखोला गाउँपालिकाको गरिमामय गाउँ सभाले चौथो पटक मिक्वाखोला गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट तय गर्न सफल भएको छ । हिजोको केन्द्रिकृत शासन व्यवस्थाको अभ्यासको कारण दुर दराज भनेर चिनिन पुगेको यस मिक्वाखोला गाउँपालिकाले गाउँमा सिंहदरबारको अनुभूत दिलाउने संविधानको चुनौतिपूर्ण परिकल्पनालाई सार्थकता दिने कार्यको थालनी भएको छ ।

समुन्नत र समृद्ध मिक्वाखोला गाउँपालिकाको निर्माणको लागि सबै विचारधाराका निर्वाचित जनप्रतिनिधिहरु, विकास साझेदार तथा सरोकारवालाहरु, स्थानीय वुद्धिजिवीहरु, पेशाकर्मी, नागरिक समाज, दबाब समूह, शिक्षकवर्ग, विद्यार्थीहरु, सञ्चारकर्मीहरु, सरकारी, गैरसरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु, दातृ निकायहरु, अन्तर्राष्ट्रिय संघ संगठनहरु, श्रमिक वर्ग, व्यवसायी, जनसमूदायहरु एउटै तर विशाल पृष्ठभूमिमा उभिनुको अर्को सर्वोत्तमम विकल्प छैन । तसर्थ मिक्वाखोला गाउँपालिकाले तय गरेको वार्षिक नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनको लागि सबैको आ-आफ्नै ठाउँबाट सद्प्रयासको अपेक्षा राखेको छु ।

**माननीय सदस्य ज्यूहरु,**

## चालु आ.व. २०७६/७७ मा सञ्चालित योजनाहरुको समिक्षाः-

मिक्वाखोला गाँउपालिका अन्तर्गत वित्तिय समानिकरण पुँजीगत रु. ८ करोड ६० लाख ६ हजार, विषयगत शसर्त रु. ८ करोड ४१ लाख, र चालु रु. ६ करोड ६० लाख सञ्चालित योजना तथा कार्यक्रमहरु मध्ये पुँजीगत विकास तर्फ ९९% योजनाहरु सम्पन्न भएको छ । सशर्त अनुदानबाट सञ्चालित कार्यक्रमहरु मध्ये ९०% कार्यक्रमहरु सम्पन्न भएको छ।योजनाहरु सम्पन्न गर्ने भौगोलिक कठिनाई थोरै जनशक्ति को वावजुद पनि ९९% योजनाहरु सम्पन्न हुनु आफैमा गौरवको विषय वनेको छ ।यस चालु आ.व.मा आन्तरिक आय गत आ.व.को तुलनामा प्रगती भएको देखिन्छ यस आ.व.मा अनुमानित आन्तरिक आय शतप्रतिशत संकलन हुन सकेको छ र आगामी आ.व.मा यसलाई अझैबढी सुधार गर्दै उल्लेख्य मात्रामा संकलन गरि यस गाँउपालिकाको विकासमा लगानी गर्ने संकल्प गरिएको छ । योजना संचालनको क्रममा कर्मचारी, जनप्रतिनिधि, उपभोक्ता समिति र आम जनताको उल्लेख्य मात्रामा सहयोग भएको पाईयो । आगामी दिनमा भौतिक पूर्वाधार नभई यस क्षेत्रका आयमुलक क्षेत्रलाई पहिचान गर्दै आर्थिक, सामाजीक, शैक्षिक, सास्कृतिक लगायत विविध पक्षमा आमुल परिवर्तन गरि समृद्ध मिक्वाखोला गाँउपालिका निर्माण गर्ने समिक्षा संकल्प गरियो ।

**माननीय सदस्य ज्यूहरु,**

**वार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमाका लागि अवलम्बन गरिएको पद्धति**

- नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक अधिकारहरु, राज्यका निर्देशक सिद्धान्तहरु तथा नीतिहरुलाई वार्षिक नीति तथा कार्यक्रम तय गर्ने प्रमुख आधारको रुपमा लिइएको छ ।
- नेपाल सरकारबाट आ.व. २०७७\७८ को लागि प्रस्तुत भएको नीति तथा कार्यक्रमलाई मिक्वाखोला गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट तर्जूमा गर्ने मूल आधारको रुपमा लिईएको छ ।
- गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा प्रतिवद्दता कायम गरेका विषयहरु, विभिन्न सन्धी सम्झौताहरुलाई महत्वपूर्ण सन्दर्भको रुपमा प्रयोग गरिएको छ ।
- न्यायालयबाट विभिन्न समयमा प्रतिपादन भएका न्यायीक नजिर, सार्वजनिक महत्वका आदेश तथा फैसलाहरुलाई समेत नीति तथा कार्यक्रम तर्जुमामा महत्वपूर्ण आधारको रुपमा लिइएको छ ।
- चौधौं आवधिक योजनाले राखेका दीर्घकालिन सोच, लक्ष्य र उद्देश्यहरुलाई मध्यनजर गर्दै नीति तथा कार्यक्रमहरु तय गरिएको छ ।
- सहस्राब्दी विकास लक्ष्यहरुको अभ्यासबाट सिर्जित नौलो अवसरहरुको सदुपयोग गर्दै दिगो विकासका लक्ष्यहरु हासिल गर्नका लागि स्थानीय स्तरबाट चाल्न सकिने कदमहरुलाई नीति तथा कार्यक्रम तर्जूमा गर्ने पद्दतिको रुपमा लिइएको छ ।

**माननीय सदस्य ज्यूहरु,**

**क्षेत्रगत नीति तथा आधारहरुः**

***(क) आर्थिक क्षेत्र***

- **कृषि तथा पशुपालन तर्फ**

१. अध्यक्ष कृषि आयोजना : Chairperson Agriculture Project (CAP) यो आयोजना मिक्वाखोला गाउँपालिकाको स्थानीय गौरवको आयोजनाको रुपमा सञ्चालन गरिनेछ। यो आयोजना वहुआयामिक बहुवर्षे आयोजनाको रुपमा रहनेछ । यस आयोजना अन्तर्गत देहायका कार्यक्रमहरु रहने गरी समुदायको मागमा कार्यक्रम संचालन हुनेगरी रु १५ लाख विनियोजन गरिने छ :

- वैराखुदेखि किलिङ सम्म माथिल्लो भेगमा "१ घर १० ऑखर" कार्यक्रम मार्फत कम्तिमा ५०० परिवारलाई दाँते ऑखरको कलमी बिरुवा उपलब्ध गराइनेछ ।
- थुम्मा देखि खान्दाङ सम्म तल्लो भेगमा "१ घर २० घ्यूफल" को उन्नत बिरुवा उपलब्ध गराइनेछ ।
- थुम्मा देखि खान्दाङ सम्म तल्लो भेगमा "१ घर १०० भूँईकटर" कार्यक्रम मार्फत कम्तीमा २५० घर परिवारलाई बिरुवा उपलब्ध गराइनेछ ।
- हरेक वडामा कम्तीमा एक एक वटा टर्कीपालन र बाख्रापालन फार्महरु सञ्चालन गरिनेछ । त्यस्ता फार्महरु सञ्चालन गर्नका लागि उन्नत नश्लहरु अनुदानमा उपलब्ध गराइनेछ ।

- माथिल्लो भेगलाई आलुखेतीको पकेट क्षेत्र घोषणा गरी आलु खेती प्रबर्दन गरिनेछ ।
- बेसार अदुवा र लसुन जस्ता कृषिउपजहरुको उत्पादन वृध्दि गर्न विशेष अभियान चलाइनेछ ।
- व्यावसायिक ट्राउट र असलामाछा पालन तथा सिताके च्याउ खेती प्रबर्दन गरिनेछ ।
- अनुदान वितरण गर्दा एक घर एक अनुदानको नीति लागू गरिनेछ ,अनुदानमा विरुवा प्राप्त गर्ने कृषकले बिरुवाको उचित स्याहार नगरेमा अर्को वर्षको अनुदान कार्यक्रम बाट बञ्चित गरिनेछ ।

२.प्रचलित संघीय कानुन तथा प्रादेशिक कानुनको अधिनमा रहि मिक्वाखोला गाउँपालिकाले नेपालको संविधानको धारा २२६ ले व्यवस्था गरेको प्रावधान बमोजिम सोहि संविधानको अनुसूची ८ र ९ को अनबण्डल अधिकार सूचीबाट करको वैज्ञानिक एवम् औचित्यपूर्ण दायरा निर्धारण गर्न आवश्यक नीति अवलम्बन गरिने छ। गाउँपालिका क्षेत्रमा करको दायरालाई फराकिलो पार्न यस क्षेत्रमा पाइने वन पैदावार, घरेलु उत्पादित वस्तु तथा सामाग्री, अन्तराष्ट्रिय आयात नियात वस्तुहरु, ढुङ्गा, गिटी, बालुवा लगायतका अन्य प्राकृतिक स्रोतहरुको प्रयोगलाई करको दायरामा ल्याइनेछ ।,

३.गाउँपालिका क्षेत्रमा करको दायरालाई फराकिलो पार्न यस क्षेत्रमा पाइने वन पैदावार, घरेलु उत्पादित वस्तु तथा सामाग्री, अन्तराष्ट्रिय आयात निर्यात वस्तुहरु, ढुङ्गा, गिटी, बालुवा लगायतका अन्य प्राकृतिक स्रोतहरुको प्रयोगलाई करको दायरामा ल्याइनेछ ।

४. लुम्बाखुम्बा हिमाल, तोक्पेगोला, सोदु पोखरी, फुङफुङ्गे झरना, मानाभारा डाँडा, वागथला, ओत्रक पोखरी, जुङलुङ गुम्बा, कोयेंक डाँडा हेङखाम पोखरी, लोदेन टार जस्ता स्थानहरुलाई मिक्वाखोला गाउँपालिकाको आकर्षक पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न आवश्यक कार्यक्रम तय गरिने छ ।

५. यस गाउँपालिका क्षेत्रभित्र रहेका ताल, तलैया तथा पोखरीहरुको भौगर्भिक अध्ययन गरि उक्त क्षेत्रहरुलाई रामसार सन्धीबाट स्थापित आधारहरु पुरा हुन सक्ने भएमा सिमसार क्षेत्र घोषणा गरी संरक्षण र प्रवर्द्धन गरिनेछ ।

६. जडिबुटी उत्पादनको पकेट क्षेत्र पहिचान गरी जडिबुटि प्रशोधन तथा सुगन्धित तेल उत्पादन उद्योग साथै विभिन्न उद्योग स्थापना गर्न आवश्यक नीति अवलम्बन गरिने छ।

७. यस गाउँपालिकामा सम्भाव्यता अध्ययन गरी भूगोल सापेक्ष जडिबुटि नर्सरी केन्द्र स्थापना गरिने छ।

८. मिक्वाखोला गाउँपालिकाबाट सहकारी संस्थाहरुमा शेयरमा आधारित भएर लगानी गर्न आवश्यक नीति तय गरी कार्यान्वयन गरिनेछ ।

९. विभिन्न सरोकारवालाहरुको पहलमा तयार भएको १० वर्षे कृषि विकास रणनीतिमा आधारित भएर मिक्वाखोला गाउँपालिका स्तरमा समेत कार्यक्रम संचालन एवं अनुगमन प्रणालीको व्यवस्थापनमा जोड दिइनेछ ।

१०. खाद्य असुरक्षालाई न्यूनिकरण गर्न खाद्य सुरक्षा प्रतिकार्य योजना (Food Security Response Plan) तयार गरी सोको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

११. अलैंचीको गुणस्तर वृद्धि गर्न कृषक सचेतना अभिवृद्धि गर्नका साथै सुधारिएको भट्टी लगाई सामानको गुणस्तर अभिवृद्धि गर्दै बजारीकरण गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ ।

१२. जडिबुटीको व्यवसायिक खेतीको सम्भाव्यता अध्ययन गरी सोही अनुरुपका कार्यक्रम तथा योजनाहरुलाई विशेष प्रोत्साहन दिइनेछ ।

१३. दश वर्षे कृषि विकास रणनीतिले तय गरे अनुसार र नेपाल सरकारले युवा लक्षित स्वरोजगार कार्यक्रम अन्तर्गत रोजगारी सिर्जना गर्न स्याउ, आल्चा, स्याउ नासपाती, आरु, आलु र अन्य सम्भावित फलफूल एवं तरकारीलाई व्यवसायीकरण गर्न जोड दिइनेछ ।

१४. सुख्खा क्षेत्रमा थोपा सिंचाई तथा फोहरा सिंचाई, सिमेन्ट पोखरी र प्लाष्टिक पोखरी निर्माण गरी वर्षातको पानी संकलनमा जोड दिइनेछ ।

१५. लोपोन्मुख तथा मौलिक बाली संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धन कार्यमा जोड दिने, यसको लागि ग्रामीण स्तरमा बिउ बैंक (seed bank) स्थापना गरिनेछ ।

१६. *'मिक्वाखोलाको पहिचान, अलैची, जडिबुटी र पर्यटन'* लाई मुलमन्त्रको रुपमा लिइने साथै भौगोलिक अवस्था अनुसार खेतीको बिस्तार गर्नमा जोड दिइनेछ ।

१७. फलफूल र आलु तथा अन्य तरकारी भण्डारणका लागि सोलार तथा रष्टिक स्टोरको निर्माणका लागि यस गाउँपालिकामा कार्यरत संघ संस्थासँग समन्वय गरी कार्यान्वयन गरिनेछ ।

१८. उच्च मूल्य कृषि वस्तु बजारीकरणको लागि सहकारीमा आधारित विक्री वितरण प्रणाली (co-operative marketing system) लाई प्रोत्साहन गरिनेछ ।

१९. जलवायु परिवर्तनबाट कृषि क्षेत्रमा प्रभाव सम्बन्धी बिषयको अध्ययन तथा अनुसन्धानमा जोड दिइनेछ ।

२०. जडिबुटि नर्सरी केन्द्र र नमुना आधुनिक खेती व्यवसायलाई बढावा दिइनेछ ।

२१. आर्गानिक तरकारी, च्याउ, फलफूल खेती गरी बेरोजगार युवाहरुमा लक्षित गरी स्वरोजगार बनाउन नीजि तथा व्यक्तिगत तवरमा बिशेष प्रोत्साहन प्रदान गरिनेछ ।

२२. जैविक मल तथा जैविक विषादी उत्पादन गर्ने उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

२३. ठाऊँ तथा हावापानी अनुसार सुहाउँदो फलफुलहरुको बोट विरुवा लगाई क्षेत्र बिस्तार गरिने छ ।

२४. गरीब तथा विपन्न परिवारहरुलाई पहिचान गरी तरकारी खेती अनुदान दिने नीति लिईनेछ।

२५. अलैंची खेतीका अतिरिक्त उन्नत घाँस र जर्सीगाईबाट दुग्ध उत्पादनमा बृद्धि गर्ने साथै व्यवस्थित बजारीकरण गरिनेछ ।

२६. मौसमी कृत्रिम गर्भाधानलाई ग्रामीण दुर्गम क्षेत्रमा सामुदायिक पशु प्रजनन केन्द्रको सुरुवात गरी ती स्थानहरुमा न्यून उत्पादकत्व भएका भाले पशुहरुलाई बन्ध्याकरण गर्न प्रोत्साहन गर्दै नश्ल सुधार कार्यक्रमलाई कार्यान्वयन गरिनेछ ।

२७. चरन तथा खर्क क्षेत्रको संरक्षण, सम्वर्द्धन र सदुपयोगको लागि सरोकारवालाहरुसँग समन्वयात्मक कार्य गरिनेछ ।

२८. उन्नत जातको पशुपंक्षी व्यवसायीहरुलाई प्रोत्साहन स्वरुप अनुदानको व्यवस्था गरिनेछ ।

२९. उन्नत जातको भेडा, बाख्रा, याक, चौरी, गाई, भैसी लगायत अन्य पशुपन्छीको आधुनिक फर्मको विकास गर्न जोड दिइनेछ।

३०. हिउँदमा पशुहरुको आहारा आपूर्तिको लागि स्थानीय पोषिला घाँसहरुको पहिचान, संरक्षण स्थानीय स्रोत साधनबाट पौष्टिक आहारको प्रवर्द्धन गरिनेछ ।

३१. यस गाउँपालिकाको आश्यकतालाई पहिचान गरी फलफुल तथा तरकारी संकलन केन्द्र र आधुनिक बधशाला निर्माण गरिनेछ ।

३२. व्यवसायिक पशुपालन तथा पंक्षिपालनलाई प्रोत्साहन तथा प्राथमिकता दिइनेछ ।

३३. मिक्वाखोला गाउँपालिकाका प्रत्येक वडामा पशु स्वास्थ्य सेवा सुनिश्चत गर्न निजी पाराभेट र ग्रामीण स्वास्थ्य कार्यकर्ताहरु परिचालनमा गाउँपालिकाको संलग्नता बढाइनेछ ।

३४. स्वरोजगार कार्यक्रमलाई प्रोत्साहन गरी स्थानीय उद्यमशिलतालाई जोड दिने कार्यक्रमहरुलाई मुख्य प्राथमिकतामा राखिनेछ ।

३५. यसै गाउँपालिकाको वडा नं. ५ पापुङको वालदेन, तिलजुङ र पापुङलाई वेसार उत्पादन पकेट क्षेत्र घोषणा गर्दै लघु उद्यमको रुपमा संचालन गरिने छ।

**माननीय सदस्य ज्यूहरु,**

***(ख) सामाजिक क्षेत्र***

उपाध्यक्ष नारी उत्थान कार्यक्रम अन्तर्गत देहायका कार्यक्रमहरु रहने गरी रु १० लाख विनियोजन गरिने छ :

१. महिला तथा बालबालिका तथा जेष्ठ नागरिक शाखा संग समन्वय गरी हरेक वर्ष  एक एक वटा होमस्टे तालिम, नारी उद्यमशिलता विकास तालिम, सहकारी प्रवर्दन तालिम, नारी नेतृत्व विकास तालिम आयोजना गरिनेछ । उद्यमशिलता तालिमका सहभागिहरुलाई उनिहरुले छनौट गरेको उद्यम विकास गर्न आवश्यक पर्ने औजार,पकरण वा बीउबिजनमा न्यूनतम अनुदान व्यवस्था गरिनेछ ।

(क) घरेलु तथा लघु उद्यम विकास तर्फ प्रतिष्पर्धामा छनौट भएका व्यावसाय विकास सेवा प्रदायक संस्थाहरु मार्फत उद्यमीहरुको व्यावसायिक कार्ययोजना बमोजिम कच्चा पदार्थ र मेशिनरी औजारहरुमा अनुदानको व्यवस्था गर्ने र उपयुक्त स्थानहरुमा अर्गानिक खाजा  उत्पादन उद्योग, जडीबुट्टीजन्य साबुन(Herbal Soap) उद्योग स्थापना गरिनेछ ।

२. प्रचलित संघीय कानुन तथा प्रादेशिक कानुनको अधिनमा रहि मिक्वाखोला गाउँपालिकाले नेपालको संविधानको धारा २२६ ले व्यवस्था गरेको प्रावधान बमोजिम सोहि संविधानको अनुसूची ८ र ९ को अनबण्डल अधिकार सूचीबाट करको वैज्ञानिक एवम् औचित्यपूर्ण दायरा निर्धारण गर्न आवश्यक नीति अवलम्बन गरिने छ। गाउँपालिका क्षेत्रमा करको

दायरालाई फराकिलो पार्न यस क्षेत्रमा पाइने वन पैदावार, घरेलु उत्पादित वस्तु तथा सामाग्री, अन्तराष्ट्रिय आयात नियात वस्तुहरु, ढुङ्गा, गिटी, बालुवा लगायतका अन्य प्राकृतिक स्रोतहरुको प्रयोगलाई करको दायरामा ल्याइनेछ ।

३. गाउँपालिका क्षेत्रमा करको दायरालाई फराकिलो पार्न यस क्षेत्रमा पाइने वन पैदावार, घरेलु उत्पादित वस्तु तथा सामाग्री, अन्तराष्ट्रिय आयात नियात वस्तुहरु, ढुङ्गा, गिटी, बालुवा लगायतका अन्य प्राकृतिक स्रोतहरुको प्रयोगलाई करको दायरामा ल्याइनेछ ।

४. लुम्बाखुम्बा हिमाल, तोक्पेगोला, सोदु पोखरी, फुङफुङ्गे झरना, मानाभारा डाँडा, वागथला, ओत्रक पोखरी, जुङलुङ गुम्बा, कोयेंक डाँडा हेङखाम पोखरी, लोदेन टार जस्ता स्थानहरुलाई मिक्वाखोला गाउँपालिकाको आकर्षक पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न आवश्यक कार्यक्रम तय गरिने छ ।

५. यस गाउँपालिका क्षेत्रभित्र रहेका ताल, तलैया तथा पोखरीहरुको भौगर्भिक अध्ययन गरि उक्त क्षेत्रहरुलाई रामसार सन्धीबाट स्थापित आधारहरु पुरा हुन सक्ने भएमा सिमसार क्षेत्र घोषणा गरी संरक्षण र प्रवर्द्धन गरिनेछ ।

६. जडिबुटी उत्पादनको पकेट क्षेत्र पहिचान गरी जडिबुटि प्रशोधन तथा सुगन्धित तेल उत्पादन उद्योग साथै विभिन्न उद्योग स्थापना गर्न आवश्यक नीति अवलम्बन गरिने छ।

७. यस गाउँपालिकामा सम्भाव्यता अध्ययन गरी भूगोल सापेक्ष जडिबुटि नर्सरी केन्द्र स्थापना गरिने छ।

८. मिक्वाखोला गाउँपालिकाबाट सहकारी संस्थाहरुमा शेयरमा आधारित भएर लगानी गर्न आवश्यक नीति तय गरी कार्यान्वयन गरिनेछ ।

९. विभिन्न सरोकारवालाहरुको पहलमा तयार भएको १० वर्षे कृषि विकास रणनीतिमा आधारित भएर मिक्वाखोला गाउँपालिका स्तरमा समेत कार्यक्रम संचालन एवं अनुगमन प्रणालीको व्यवस्थापनमा जोड दिइनेछ ।

१०. खाद्य असुरक्षालाई न्यूनिकरण गर्न खाद्य सुरक्षा प्रतिकार्य योजना (Food Security Response Plan) तयार गरी सोको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

११. अलैंचीको गुणस्तर वृद्धि गर्न कृषक सचेतना अभिवृद्धि गर्नका साथै सुधरिएको भट्टी लगाई सामानको गुणस्तर अभिवृद्धि गर्दै बजारीकरण गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ ।

१२. जडिबुटीको व्यवसायिक खेतीको सम्भाव्यता अध्ययन गरी सोही अनुरुपका कार्यक्रम तथा योजनाहरुलाई विशेष प्रोत्साहन दिइनेछ ।

१३. दश वर्षे कृषि विकास रणनीतिले तय गरे अनुसार र नेपाल सरकारले युवा लक्षित स्वरोजगार कार्यक्रम अन्तर्गत रोजगारी सिर्जना गर्न स्याउ, आल्चा, स्याउ नासपाती, आरु, आलु र अन्य सम्भावित फलफूल एवं तरकारीलाई व्यवसायीकरण गर्न जोड दिइनेछ ।

१४. सुख्खा क्षेत्रमा थोपा सिंचाई तथा फोहरा सिंचाई, सिमेन्ट पोखरी र प्लाष्टिक पोखरी निर्माण गरी वर्षातको पानी संकलनमा जोड दिइनेछ ।

१५. लोपोन्मुख तथा मौलिक बाली संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धन कार्यमा जोड दिने, यसको लागि ग्रामीण स्तरमा बिउ बैंक (seed bank) स्थापना गरिनेछ ।

१६. *'मिक्वाखोलाको पहिचान, अलैंची, जडिबुटी, र पर्यटन'*लाई मुलमन्त्रको रुपमा लिइने साथै भौगोलिक अवस्था अनुसार खेतीको बिस्तार गर्नमा जोड दिइनेछ ।

१७. फलफूल र आलु तथा अन्य तरकारी भण्डारणका लागि सोलार तथा रष्टिक स्टोरको निर्माणका लागि यस गाउँपालिकामा कार्यरत संघ संस्थासँग समन्वय गरी कार्यान्वयन गरिनेछ ।

१८. उच्च मूल्य कृषि वस्तु बजारीकरणको लागि सहकारीमा आधारित विक्री वितरण प्रणाली (co-operative marketing system) लाई प्रोत्साहन गरिनेछ ।

१९. जलवायु परिवर्तनबाट कृषि क्षेत्रमा प्रभाव सम्बन्धीबिषयको अध्ययन तथा अनुसन्धानमा जोड दिइनेछ ।

२०. जडिबुटि नर्सरी केन्द्र र नमुना आधुनिक खेती व्यवसायलाईबढावा दिइनेछ ।

२१. आर्गनिक तरकारी, च्याउ, फलफूल खेती गरीबेरोजगार युवाहरुमा लक्षित गरी स्वरोजगार बनाउन नीजि तथा व्यक्तिगत तवरमा बिशेष प्रोत्साहन प्रदान गरिनेछ ।

२२. जैविक मल तथा जैविक विषादी उत्पादन गर्ने उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

२३. ठाऊँ तथा हावापानी अनुसार सुहाउँदो फलफुलहरुको बोट विरुवा लगाई क्षेत्र बिस्तार गरिने छ ।

२४. गरीब तथा विपन्न परिवारहरुलाई पहिचान गरी तरकारी खेती अनुदान दिने नीति लिईनेछ।

२५. अलैंची खेतीका अतिरिक्त उन्नत घाँस र जर्सीगाईबाट दुग्ध उत्पादनमा बृद्धि गर्ने साथै व्यवस्थित बजारीकरण गरिनेछ ।

२६. मौसमी कृत्रिम गर्भाधानलाई ग्रामीण दुर्गम क्षेत्रमा सामुदायिक पशु प्रजनन केन्द्रको सुरुवात गरी ती स्थानहरुमा न्यून उत्पादकत्व भएका भाले पशुहरुलाई बन्ध्याकरण गर्न प्रोत्साहन गर्दै नश्ल सुधार कार्यक्रमलाई कार्यान्वयन गरिनेछ ।

२७. चरन तथा खर्क क्षेत्रको संरक्षण, सम्वर्द्धन र सदुपयोगको लागि सरोकारवालाहरुसँग समन्वयात्मक कार्य गरिनेछ ।

२८. उन्नत जातको पशुपंक्षी व्यवसायीहरुलाई प्रोत्साहन स्वरुप अनुदानको व्यवस्था गरिनेछ ।

२९. उन्नत जातको भेडा, बाख्रा, याक, चौरी, गाई, भैसी लगायत अन्य पशुपन्छीको आधुनिक फर्मको विकास गर्न जोड दिइनेछ।

३०. हिउँदमा पशुहरुको आहारा आपूर्तिको लागि स्थानीय पोषिला घाँसहरुको पहिचान,संरक्षण स्थानीय स्रोत साधनबाट पौष्टिक आहारको प्रवर्द्धन गरिनेछ ।

३१. यस गाउँपालिकाको आश्यकतालाई पहिचान गरी फलफुल तथा तरकारी संकलन केन्द्र र आधुनिक बधशाला निर्माण गरिनेछ ।

३२. व्यवसायिक पशुपालन तथा पंक्षिपालनलाई प्रोत्साहन तथा प्राथमिकता दिइनेछ ।

३३. मिक्वाखोला गाउँपालिकाका प्रत्येक वडामा पशु स्वास्थ्य सेवा सुनिश्चत गर्न निजी पाराभेट र ग्रामीण स्वास्थ्य कार्यकर्ताहरु परिचालनमा गाउँपालिकाको संलग्नता बढाइनेछ ।

३४. स्वरोजगार कार्यक्रमलाई प्रोत्साहन गरी स्थानीय उद्यमशिलतालाई जोड दिने कार्यक्रमहरुलाई मुख्य प्राथमिकतामा राखिनेछ ।

३५. योग्य र बरिष्ठ शिक्षकलाई नेतृत्व सुम्पिएर बिद्यालय प्रशासन तथा ब्यवस्थापनलाई चुस्त दुरुस्त बनाउन प्रधानाध्यापक मिलान कार्यलाई यथाशक्य सुदृढिकरण गरिनेछ ।

३६. शिक्षाको अवधारणालाई कार्यमूलक बनाउदै बालमैत्री शैक्षिक वातावरण कायम गर्न सम्वन्धित स्थानीय तहका शैक्षिक सरोकारवालासँग संयूक्त योजना सहित सहकार्य र समन्वयको नीति लिईनेछ ।

३७. स्वीकृति नलिई संचालन गरिएका सामुदायिक तथा संस्थागत र निजी बिद्यालयलाई निरुत्साहित र नियन्त्रण गर्दै कानुनी दायरामा ल्याईनेछ र संचालनमा ल्याईएका बिद्यालयलाई जनसंख्या तथा नक्साकनका आधारमा स्तरबृद्धि गरिनेछ । विद्यार्थी शिक्षक अनुपात, भौगोलिक विकटता र स्थानीय सन्दर्भलाई विश्लेषण गरी विद्यालयहरुलाई गाभ्न सकिनेछ ।

३८. शिक्षा नियमावलीका आधारमा बिद्यालय ब्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, गाउँ शिक्षा समितिको गठन गरी शैक्षिक विकासका कार्यक्रमहरुको कार्य योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

३९. बिद्यालयलाई प्रदान गरिने बिभिन्न अनुदान रकमहरुलाई लक्षित बर्ग सम्म पुऱ्याउन आर्थिक पारदर्शीताको नीति अवलम्वन गरिनेछ र बिद्यालयको सामाजिक परिक्षणलाई अनिवार्य र प्रभावकारी बनाई कार्यन्वयन गरिनेछ ।

४०. सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको सहकार्य र समन्वयमा बिद्यालय बाहिर रहेका बिद्यालय उमेरका बालबालिकाहरुको पहिचान गरी

उनीहरुलाई औपचारीक शिक्षाको मुल प्रवाहमा समेट्न  बिभिन्न खालका सिर्जनात्मक र रचनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

४१. बस्ती बस्तीमा निरक्षर जनसंख्याको पहिचान गरी अनौपचारीक शिक्षा संचालन गर्न पहल गरिनेछ ।

४२. अनुमति प्रदान गरिएका बिद्यालयहरुमा आवश्यक दरबन्दी प्रदान गर्न पहल गरिनेछ । शिक्षकहरुलाई प्रचलित शिक्षा ऐन, नियमावली तथा कार्यविधिको सारभूत प्रावधानको मक्सदमा प्रतिकूल असर नपर्ने गरी मिक्वाखोला गाउँपालिका क्षेत्र भित्रका विद्यालयहरुमा आवश्यकता निर्धारण गरी विभिन्न विद्यालयहरुमा कामकाजमा खटाउन सक्नेछ र खटाईने शिक्षकहरुलाई गाउँपालिका तथा वडाबाट सेवा सुविधा प्रदान गर्न सकिनेछ ।

४३. यस मिक्वाखोला गाउँपालिका अन्तर्गतका बिद्यालयहरुलाई गाउँपालिका स्तरीय खेलकूद् तथा अतिरिक्त क्रियाकलाप संञ्चालन गर्न गराउन प्राथमिकता तथा प्रोत्साहन दिइनेछ ।

४४. यस मिक्वाखोला गाउँपालिकामा रहेका सबै बिद्यालय तथा बाल विकास केन्द्रलाई स्तरबृद्धि गरी शिक्षकहरुलाई क्षमता विकासको लागि सरोकारवालासँग आवश्यक पहल गरिनेछ ।

४५. स्थानीय पाठ्यक्रमको विषयमा यस गाउँपालिकाको आवश्यकतालाई पहिचान गरी मातृभाषा तथा उत्पादनमूलक विषयवस्तुको छनौट गरी स्वरोजगारको वातावरण सृजना गरिने छ ।

४६. मिक्वाखोला गाउँपालिकाबाट सर्वोत्कृष्ट विद्यार्थीहरुलाई छात्रवृत्ति दिने नीतिलाई अवलम्बन गरिनेछ ।

४७. अनुमति प्राप्त गरि सञ्चालित विद्यालयहरुमा दरबन्दी कायम गर्नका लागि आवश्यक कदम अगाडि बढाइनेछ ।

४८. विद्यालयका शिक्षकहरुलाई अध्यापन अनुमति पत्रको अनिवार्यतालाई शिक्षा ऐन तथा नियमावलीको अधीनमा रही थप परिष्कार एवं परिमार्जन गर्ने कार्यविधि बनाइनेछ ।

४९. एक विद्यालय एक ल्यापटप कार्यक्रम तुरुन्त यहि आ.व.मा कार्यान्वयन गरिने छ ।

५०. विद्यालय भवन तथा शौचालय निर्माण, गुणस्तरिय शिक्षा र स्वच्छ खानेपानीको लागि H.P.F. सँग साझेदारीमा कार्यक्रम संचालन गरिने छ ।

५१. राष्ट्रिय पाठ्यक्रम प्रारुप अनुसार स्थानीय पाठ्यक्रम लागु गरिने छ ।

५२. एक विद्यालय एक वालविकास कार्यक्रम लागु गरिने छ ।

५३. शिक्षा क्षेत्रको नीतिगत सुदृढीकरणको लागि गाउँशिक्षा नीति, शिक्षा सम्बन्धी विभिन्न कानुनी व्यवस्थाको सुनिश्चित गरिनेछ र गाउँशिक्षा योजना निर्माण गरी लागू गरिने छ ।

५४. गाउँपालिका भरीको विद्यालयमा शैक्षिक गतिविधिलाई एक रुपता कायम गर्न शैक्षिक क्यालेन्डर निर्माण गरिने छ ।

५५. वालविकास सहजकर्ता विद्यालय सहयोगी तथा विद्यालय कर्मचारीहरुलाई समयानुकुल प्रोत्साहन भत्ता, पोशाक भत्ता पुनरावलोकन गरिने छ ।

५६. शिक्षक तथा प्र.अ.हरुको क्षमता अभिवृद्धी गर्न सूचना प्रविधि, लेखा सम्बन्धी तालिम तथा समूह सिकाई जस्ता कार्यक्रम लागू गरिने छ ।साथै प्र.अ. वैठक भत्ता तथा मासिक भत्ता पुनरावलोकन गरिने छ ।

५७. गा.पा. स्तरीय कक्षा ८ को परीक्षा व्यवस्थापनको लागि दिगो श्रोत निर्धारण तथा विज्ञ छनौट जस्ता व्यस्थापकीय पक्षलाई सुदृढीकरण गरिने छ ।

५८. यस गाउँपालिकाको वेवसाइट, mikwakholamun.gov.np, तयार भइसकेकोले वेवसाइट सञ्चालनार्थ सूचना प्रविधि र सञ्चार माध्यमको समुचित व्यवस्थापन गरी मिक्वाखोला गाउँपालिकालाई प्रविधिमैत्री स्थानीय तहको रुपमा स्थापित गराउन कागजरहित कार्यालय (Paperless Office) को अवधारणालाई कार्यान्वयन गर्ने प्रयासको थालनी गरिनेछ ।

५९. गाउँपालिकाको पहलमा गाउँपालिका र प्रत्येक वडाहरुको बस्तुगत बिबरण प्रोफाईल तयार गर्न लगाई पुस्तक प्रकाशन गरिनेछ ।

६०. विकास निर्माणका सम्पूर्ण गतिबिधिहरु लाई रेडियो तथा पत्रपत्रिका मार्फत प्रचार प्रसार एवं सार्वजनिकरण गरिनेछ ।

६१. टेलिभिजन, टेलिफोन तथा ईन्टरनेट सेवाको पहुंच र गुणस्तर अभिबृद्धिका लागि आवश्यक पूर्वाधार निर्माण गर्न नेपाल टेलिकम, एनसेल र नेपाल टेलिभिजन लगायतका सेवा प्रदायक कम्पनीहरुसँग बिषेश पहल गरिनेछ ।

६२. यस मिक्वाखोला गाउँपालिकामा रहेका सबै बिद्यालयहरुमा खेलकूद् तथा बिज्ञान प्रयोगशालाको ब्यवस्था गर्ने यथोचित व्यवस्था गरिनेछ ।

६३. अभिलेख ब्यवस्थापनमा नविनतम सूचना प्रबिधिको प्रयोग गरी सूचना तथा अभिलेख केन्द्रलाई डिजिटाइजेशनमा प्रवेश गराइनेछ ।

६४. जनतामा गुणस्तरीय स्वास्थ्य सेवाहरुको प्रत्याभूत गर्न यस गाउँपालिका रहेका स्वास्थ्य संस्थाहरुमा आवश्यक पर्ने जनशक्ति ब्यवस्थापन र

परिचालनका लागि मानव संसाधन योजना तयार गरी कार्यान्वयन गर्न पहल गरिनेछ ।

६५. यस गाउँपालिकालाई पूर्ण सरसफाई घोषणा गर्न यस गाउँपालिकाका सबै वडा र बस्तीहरुमा खानेपानी तथा शौचालयहरुको अनुगमन तथा निरीक्षण गरी आवश्यक ब्यवस्थापन गर्न पहल गरिनेछ ।

६६. यस मिक्वाखोला गाउँपालिका भित्र रहेका सबै स्वास्थ्य चौकीहरुको स्तरबृद्धि गरी स्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन पहल गरिनेछ ।साथै आवश्यक स्थानमा प्राथामिक स्वास्थ्य केन्द्र र गाउँघर क्लिनिकहरु स्थापनाको लागि पहल गरिनेछ ।

६७. यस मिक्वाखोला गाउँपालिकामा रहेका महिला स्वास्थ्य कार्यकर्ता तथा स्वास्थ्यकर्मीहरुको क्षमता विकास सम्वन्धी आवश्यक तालिमको लागि सरोकारवाला निकायसँग पहल गरिनेछ ।

६८. यस मिक्वाखोला गाउँपालिका अन्तर्गत रहेका सबै स्वास्थ्य संस्थामा कार्यरत जनशक्तिको पूर्ण अनुगमन गरी दरबन्दीमा रहेका कर्मचारीलाई अन्यत्र काजमा राख्ने नीतिलाई निरुत्साहित गरिनेछ ।

६९. महिला, युवा, अपाङ्ग तथा बाल अधिकारको सुनिश्चिताका लागि सरकारी, गैर सरकारी र निजी क्षेत्रका सबै सरोकारवालासँग सहकार्य गरिनेछ ।

७०. लक्षित वर्गहरुको क्षमता विकासको लागि आवश्यक कार्यक्रम तथा योजना बनाई कार्यान्वयन गरिनेछ ।

७१. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नयाँ नाम दर्ता, लगत कट्टा, परिचय पत्र बितरण र समयमै सामाजिक सुरक्षा भत्ता बितरण गरिनेछ ।

७२. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नयाँ नाम दर्ता, लगत कट्टा, परिचय पत्र बितरण अनलाइन मार्फत गरी सबै वडा कार्यालयलाई प्रत्येक चौमासिक रुपमा अद्यावधिक गर्न लगाईनेछ ।

७३. सामाजिक सुरक्षा भत्ता वितरण गर्दा आर्थिक पारर्दशितालाई अनिवार्य रुपमा चुस्त दुरुस्त गरिनेछ ।

७४. आपत्कालिन महिला तथा बालबालिका उद्धार कोषको स्थापना गरिनेछ ।

७५. बिभिन्न लक्षित बर्गहरुलाई क्षमता विकासको लागि लैङ्गिक उत्तरदायी बजेटको तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ ।

७६. महिला तथा बालबालिकामाथि हुने बिभिन्न प्रकारको घरेलु हिंसाको निवारण गरिनेछ ।बाल श्रम शोषण, बहु विवाह र वाल विवाहलाई पूर्ण रुपमा निरुत्साहित गर्दै साविकमा सञ्चालित बालमैत्री सुशासनको अवधारणालाई कार्यान्वयन गर्ने कार्यलाई थप कार्यक्रम तर्जुमा गरी कार्यन्वयन गरिनेछ ।

७७. महिला तथा बालबालिकाको लागि आर्थिक, सामाजिक लगायत अन्य शसक्तिकरण र क्षमता विकासका कामहरु गरिनेछ ।

७८. अपाङ्गता तथा फरक क्षमता भएका ब्यक्तिहरुलाई लक्षित गरी सार्वजनिक सरोकार रहने भौतिक संरचनाहरुको निर्माण गर्दा अपाङ्गमैत्री संरचना निर्माणका लागि गाउँपालिकाबाट आवश्यक कार्यक्रम तर्जूमा गरी कार्यान्यवन गरिनेछ ।

७९. यस मिक्वाखोला गाउँपालिका क्षेत्रमा आफ्नो कार्यक्षेत्र बनाएका गैर सरकारी संघ संस्थाहरुलाई कार्यक्रम सञ्चालन गर्न उक्त संघ संस्थाहरुको कार्यक्रम, बजेट, समय तालिका, कार्यक्रमको औचित्य, प्रभाव, अवसर,

लाभान्वित क्षेत्र समेतको विश्लेषण र मूल्याङ्कन गरेर मात्र राय सहित स्वीकृति दिईनेछ साथै गाउँ कार्यपालिकाको कार्यालयले प्रस्तावित कार्यक्रमको क्षेत्र परिवर्तन गर्न सक्नेछ र गाउँ कार्यपालिकाको कार्यालयमा एक गैरसरकारी संघ संस्था अनुगमन ईकाई गठन गरी अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ ।

८०. मिक्वाखोला गाउँपालिका क्षेत्रमा रहेका सरकारी निकायहरुको अनुगमन, नियमन र समन्वय कार्यलाई प्रभावकारी बनाइनेछ ।

८१. गाउँपालिका भरी स्वच्छ सफा खानेपानीको व्यवस्थाको लागि एक घर, एक धारा खानेपानी उपलब्धताको लागि विकासका साझेदार हरुको सहयोग र समन्वय मा थप कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८२. खानेपानी आयोजनाहरु सञ्चालन गर्दा विगतमा शुरु गरिएका क्रममा आयोजनाहरु लाई प्राथमिकता राख्दै थप संभावना र आवश्यकतालाई मध्यनजर गरी कार्यक्रम तर्जुमा गरिनेछ।

८३. अध्यक्ष कप खेलकुद कार्यक्रम हरेक बर्ष गणतन्त्र दिवस (१५ जेष्ठ) वा शहीद दिवस (१६ माघ) को अवसरमा वडा स्तरीय महिला तथा पुरुष फुटवल र भलिवल प्रतियोगिता आयोजना गरिनेछ । प्रतियोगिताको लागि आवश्यक ट्रफी, पदक र पुरस्कारको अतिरिक्त न्युनतम संचालन बजेट व्यवस्थापन गरिने छ ।

८४. गाउँपालिकाको प्रमुख धार्मिक एंव पर्यटकीय स्थल फङफङदेन क्षेत्रको प्रचार प्रसार र प्रबर्द्धनको लागि हरेक बर्ष संविधान दिवस (३ असोज) को अवसरमा फङफङदेन म्याराथुन सहित महोत्सव आयोजना गरिने छ ।

८५. हरेक वडामा छानिएका फुटवल र भलिवल खेलाडीहरुको लागि प्रशिक्षण कार्यक्रम आयोजना गरिने छ ।

८६. हरेक वडामा अगुवा डकर्मी र सिकर्मीहरुलाई भुकम्प प्रतिरोधी संरचना निर्माण तालिम प्रदान गरी वदलिदो परिप्रेक्षमा निर्माण हुने निजी आवास र अन्य संरचनाहरुको निर्माण गर्दा भुकम्प प्रतिरोधी प्रविधिको प्रयोग गर्न सक्ने र फ्रेम स्ट्रक्चर भवनहरु निर्माण गर्न सक्ने कालीगणहरु तयार गरिने छ ।

८७. बाघथला, मानाभरा, लोदेन पर्यपर्यटकीय पदमार्ग नक्सांकन (Eco-Tourism Rout Mapping) कार्य सम्पन्न गरिने छ ।

८८. गाउँपालिकाको सबै वडाहरुलाई प्रदान गरिने कृषि आधुनिकिकरण परियोजना अन्तर्गत ब्लक र पकेट क्षेत्र कायम गरिने छ ।

८९. व्यक्तिगत घटना दर्ता यस गाउँपालिकाको सवै वडाहरुबाट Online मार्फत सुचारु गर्न आवश्यक कार्यक्रमको व्यवस्था गरिने छ ।

९०. कोभिड-१९ कोरोना महामारीबाट यस गाउँपालिकालाई सुरक्षित राख्न आवश्यक स्वास्थ्य सुरक्षा सम्बन्धी व्यवस्था गरिने छ ।

९१. गर्भवती महिलालाई घरमा गराईने सुत्केरी अवस्थालाई शुन्य गराई वर्थिङ सेन्टर मा सुत्केरी गराउन उत्साहित गरिने छ ।

९२. पुर्ण खोपको धारणालाई मध्यनजर गर्दै घर धुरी सर्वेक्षण गरी खोप लगाउन बाट छुट भएको बच्चालाई खोपकेन्द्रमा गई खोप लगाउन उत्साहित गरिने छ ।

**माननीय सदस्य ज्यूहरु,**

***(ग) पूर्वाधार क्षेत्र***

१. सडक लगायत भैतिक पूर्वाधार निर्माण कार्यलाई दीगो, वातावरणमैत्री र छिटो छरितो ढंगबाट गुणस्तरीय रुपमा निर्माण गरिनेछ ।

२. यस मिक्वाखोला गाउँपालिकाको प्रशासकीय भवन र प्रत्येक वडाको वडा कार्यालय भवन स्वास्थ्य संस्थाहरुको भवन पर्यटकीय स्थल तथा सामरिक ऐतिहासिक महत्व बोकेको स्थलहरुको गुरुयोजना तथा डि.पि.आर तयार गरी पुर्वाधार निर्माण गरिने छ ।

३. यस मिक्वाखोला गाउँपालिकाको सबै वडाहरु छुनेगरी विस्तार भईरहेको DRCN सडक -खोक्लिङ-लिबाङ-साँबा-पापुङ तोक्पेगोला मोटरबाटो लाई रणनीतिक महत्वको मोटरबाटोको स्तरउन्नती गरी बाह्र महिना चल्ने बनाइने छ भने नयाँ ट्र्याक खोली सडक विस्तार गर्ने कार्य लाई प्राथमिकताका साथ द्रुत गतिमा अगाडि बढाईनेछ ।

४. सडकलाई वर्षैभरी सञ्चालन गर्नका लागि स्तरोन्नति अनिवार्य रुपमा छिटो गरिनेछ ।

५. सडकलाई निरन्तर सञ्चालन गर्नका लागि पक्की पुल, पानीका ढल व्यवस्थापन गरिनेछ भने जिल्ला सदरमुकाम बाट यस गाउँपालिकाको केन्द्र लाई चाँडो भन्दा चाँडो सडक सञ्जालमा जोडिनेछ साथै प्रत्येक वडाहरुमा क्रमिक रुपमा मोटरबाटो पुर्‍याइनेछ ।

६. क्षेत्राधिकार मिचिने गरी मानव निर्मित समस्या खडा गर्ने कार्य पूर्ण रुपमा निरुत्साहित गर्न विनियम, कार्यविधि र निर्देशिका बनाई लागु गरिनेछ भने

सडकको अधिकार क्षेत्र (Ri ght of way) नियमानुसार अनिवार्य छोडनु पर्नेछ ।

७. वडा स्तरका सडक तथा गोरेटा बाटाहरुलाई सम्भाव्यता अध्ययन पछि मात्र योजना छनौट गरी बजेट विनियोजन गरिनेछ ।

८. सुरक्षित खानेपानी व्यवस्थापनका लागि सहि र सफा, स्वच्छ मुहान छनौट गरी बृहत् खानेपानी परियोजना आवश्यकता अनुसार लागु गरिनेछ ।

९. वस्तीको अध्ययन गरी आवश्यकता अनुसार र नभई नहुने, नगरी नहुने योजनाको प्राथमिकीकरण गरिनेछ ।

१०. गाउँपालिकालाई पूर्ण सरसफाई गाउँपालिका घोषणा गर्नको लागि आवश्यक सुचकांक तयार गरी सो पुरा भएपछि अध्ययन गरी पूर्ण रुपमा कार्यान्वयनमा ल्याइनेछ।

११. गाउँपालिका भरिका अतिक्रमित जग्गाहरु पूर्णरुपमा गाउँपालिकाको मातहतमा ल्याई उपयोग नभएका सार्वजनिक जग्गाहरु सम्भाव्यता अध्ययन गरी सोही अनुरुप योजना छनौट गरी आय आर्जनमा टेवा पुऱ्याउने नीति अवलम्बन गरिनेछ ।

१२. खानी उत्खनन गर्न नियमानुसार दर्ता प्रक्रियालाई सरलीकरण गरिनेछ ।

१३. सम्भाव्यता अध्ययन गरी विभिन्न खानीहरु उत्खनन तथा बिक्री वितरण प्रणाली लागु गरिनेछ ।

१४. मूख्य सडक सञ्जालबाट टाढा भएका वस्ती तथा प्राकृतिक सम्पदाहरु मूल्याङ्कन गरी पक्की पुल व्यवस्थापन गर्न काठेपुल हरुलाई विस्थापित गरिनेछ ।

१५. नयाँ भवन निर्माण गर्दा सकभर भूकम्प प्रतिरोधी र काठको मात्रा कम हुने गरी लागत अनुमान (design estimate) तयार गर्ने नीति लिईनेछ ।

१६. भू-कम्पको जोखिमलाई मध्यनजर गरी नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जारी गरेको वस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन, २०७२ लाई सार्वजनिक भवनहरुमा अनिवार्य लागु गरिनेछ भने नीजि भवन तथा घरहरुमा क्रमिक रुपमा लागु गरिनेछ ।

१७. खाद्यान्न उत्पादन हुने स्थानहरुमा भवन निर्माण कार्यलाई निरुत्साहित गरिनेछ ।

१८. वातावरणमैत्री जस्ता पातामा जोड दिन यथाशक्य हाल चलन चल्तीमा रहेको सेतो रङ्गका जस्तापाताको प्रयोगलाई निरुत्साहित गर्दै लगिनेछ ।

१९. मिक्वाखोला गाउँपालिकामा रहेका बजारोन्मुख क्षेत्रलाई सहरीकरण योजना सञ्चालन ल्याउन आवश्यक पहल गरिनेछ ।

२०. मिक्वाखोला गाउँपालिकामा रहेका ग्रामिण सडक सञ्जाल, पुल पुलेसामा पर्ने व्यक्तिगत जग्गाहरुको लगत संकलन गरी कित्ताकाट गराउने नीति तर्जुमा र कार्यान्वयन गरिनेछ ।

२१. नदीको स्रोत र सही ठाउँ पहिचान गरी बृहत् जलविद्युत आयोजना छनौट गरिनेछ भने केन्द्रीय प्रसारण लाईन लाई गाउँपालिकाको सबै वडाहरुमा पुर्‍याउन पहल गरिनेछ।

२२. ठूला जलविद्युत आयोजना कार्यान्वयनमा आउनु अगाडि साना जलविद्युत आयोजनालाई पनि सुदृढ गरि विद्युत प्रत्येक वस्तीहरुमा सूचारु गरिनेछ ।

२३. पूर्वाधार सम्बन्धी योजनाहरुको अनिवार्य रुपमा सम्भाव्यता अध्ययन गरेर मात्र छनौट गर्ने नीति लिईनेछ ।

२४. कुनै पनि आयोजना छनौट गर्दा भविष्यलाई समेत मध्यनजर गरी आयोजना छनौट गरिनेछ।

२५. भौतिक संरचना निर्माण गर्दा बालमैत्री तथा अपाङ्गमैत्री भवन निर्माण गरिनेछ ।

२६. गाउँपालिका भरिका आयोजनाहरु संयुक्त अनुगमन पछि मात्र पारित गर्ने व्यवस्था गरिनेछ ।

२७. पूर्वाधार विकासको अन्तिम भुक्तानी र जाँच पास हुनु भन्दा अगाडी प्राविधिक मूल्याङ्कन साथै सामाजिक परिक्षण तथा लेखा परिक्षण गरिनेछ ।

२८. कृषि उत्पादकत्वलाई वृद्धि गरी आय आर्जनमा टेवा पुऱ्याउने हेतुले नगदे बाली अलैची, चिराइतो, अम्लिसो, अदुवा, सतुवा खेती तथा तरकारी खेती गर्न प्रोत्साहन दिइनेछ ।

२९. अनिवार्य रुपमा एक घर एक बगैचा तथा सामुहिक बगैंचा अनिवार्य रुपमा गरिनेछ।

३०. आवश्यकता अनुसार ठुला तथा साना सिंचाई आयोजना अध्ययन तथा कार्यान्वयन गरिनेछ ।

३१. वेमौसमी खेती तथा थोपा सिंचाई आयोजना लागु गर्ने आवश्यक पहल गरिनेछ ।

३२. यस मिक्वाखोला गाउँपालिकाको क्षेत्र भित्र पर्ने समग्र पर्यटकीय क्षेत्रको पहिचान गरी पूर्वाधार निर्माण सम्बन्धी उपयुक्त नीति अवलम्बन गरिनेछ ।

३३. यस गाउँपालिकाको बागथला ओत्रक पोखरी वाग्बा पोखरी मानाभरा डाँडा फुङफुङ्गे झरना सोदोपोखरी भूत पोखरी तोक्पेगोला हुँदै तिब्बत सम्मको पर्यटकीय पदमार्ग निर्माण गरिनेछ ।

३४. सो लागि विभिन्न गैसस तथा सरकारी निकायहरु संग सहकार्य गरिनेछ ।

३५. यस गाउँपालिका क्षेत्रभित्र रहेको पर्यटकिय क्षेत्रहरुको प्रबर्दनको लागि प्रचार प्रसार गरिनेछ ।

३६. आन्तरिक तथा बाह्य पर्यटकहरु आकर्षित गर्नका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३७. जलयात्रा तथा रयाफ्टिङ सञ्चालन संभावना अध्ययन गरिनेछ ।

**माननीय सदस्य ज्यूहरु,**

***(घ) वातावरण तथा विपद व्यवस्थापन***

१. दीगो वन व्यवस्थापन गरी वन क्षेत्रको उत्पादकत्व र वन पैदावरको उत्पादन र वन पैदावरको उत्पादनको वृद्धि गरिनेछ ।

२. जैविक विविधता र जैविक स्रोतको संरक्षण लगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभको न्यायोचित वितरण सुनिश्चित गरिनेछ ।

३. जल तथा भूमिको संरक्षणको साथै भूमिको उत्पादकत्व वृद्धि गरी कृषि उत्पादन बढाउन सहयोग पुर्‍याउन जलाधार क्षेत्रको एकिकृत संरक्षण तथा व्यवस्थापन गरिनेछ ।

४. वनजन्य उद्योगको प्रवर्द्धन, उत्पादनको विविधिकरण र बजारीकरण मार्फत अर्थतन्त्रमा टेवा पुर्‍याउन वन क्षेत्रको दीगो विकास तथा संरक्षणमा नीजि क्षेत्रलाई आकर्षित गरिनेछ ।

५. जलवायु परिवर्तनबाट पारिस्थितिकीय प्रणाली, स्थानीय जनता र जीविकोपार्जनमा पर्न सक्ने प्रभावलाई कम गर्न न्यूनिकरण तथा अनुकुलनका कार्यक्रम सञ्चालन गरिनेछ ।

६. वन व्यवस्थापनलाई थप पारदर्शी, जवाफदेही, उत्तरदायी र समावेशी बनाई सक्षम बनाइनेछ ।

७. जडिबुटी खेती संरक्षण तथा प्रशोधन गर्न व्यवसायिक नीति लिइनेछ ।

८. स्वच्छ तथा स्वस्थ वातावरण र जलाधार तथा वन्यजन्तुको संरक्षण व्यवस्थापन नीति कानून तथा कार्यक्रम तर्जूमा नियम बनाईने छ।

९. वृक्षारोपण तथा हरियाली र हरित क्षेत्रको प्रवर्द्धन गरिनेछ ।

१०. हानीकारक पदार्थहरुको नियमन तथा नियन्त्रण गरिनेछ ।

११. पानीका मुहानहरुको संरक्षण गरिनेछ ।

१२. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना जोखिम न्यूनिकरण सम्बन्धी कार्ययोजना बनाई कार्यान्वयनमा ल्याईनेछ ।

१३. विपद् व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय समुदाय, संघ संस्था, नीजि क्षेत्रसँगको सहयोग समन्वय र सहकार्य गरिनेछ ।

१४. विपद् कोषका स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन गरिनेछ ।

१५. विपद् न्यूनिकरण सम्बन्धी पूर्व सूचना प्रणाली सम्बन्धी कार्यक्रमको तर्जुमा र कार्यान्वयन गरिनेछ ।

१६. विपद् पूर्व तयारी खोज तथा उद्दार राहत सामाग्रीको पूर्व भण्डारण वितरण र समन्वय गरिनेछ ।

१७. विपद् जोखिम क्षेत्रको नक्शांकन तथा वस्तीहरुको परिचालन र स्थानान्तरण गरिनेछ ।

१८. विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन गाउँ कार्यपालिकाको कार्यालयमा एक विपद् व्यवस्थापन कोष खडा गरिनेछ साथै उक्त कोषबाट पुनर्वास कार्यक्रम सञ्चालन गर्ने आवश्यक नीति अवलम्बन गरिनेछ ।

***माननीय सदस्य ज्युहरु***

***(ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन***

१. सरकारी तथा गैरसरकारी संस्थाहरुको नीति, कार्यक्रम लगायतका विषयमा सुधार ल्याउन सूचना तथा अभिलेख केन्द्रलाई सुदृढिकरण गरिनेछ ।

२. मिक्वाखोला गाउँपालिकामा रहेको जनशक्तिको पहिचान गरी गैरसरकारी संस्थाहरुले कुनै पनि कार्यक्रमको लागि जनशक्ति छनौट गर्दा समावेशिताको सिद्वान्त, सहायता मिलान (aid harmonization) को सिद्वान्त अवलम्वन गर्ने नीति लिईनेछ ।

३. गाउँपालिका स्थित सार्वजनिक निकायहरुबाट सम्पादन हुने सेवा प्रवाह तथा काम कारवाहीको उचित मूल्याङ्कन गरी पुरस्कार र दण्ड (reward and punishment) को व्यवस्था गरिनेछ ।

४. गाउँपालिका स्तरमा एकिकृत सेवा केन्द्र (Integrated Service Center) को अवधारणलाई सेवा प्रवाहमा जोड्न सकिने सम्भाव्यताको अध्ययन गरी उचित कार्यक्रम तय गरिनेछ ।

५. आगामी आ.व. देखि गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, बिषयगत/शाखा कार्यालय, गैरसरकारी कार्यालय, स्थानीय संघ संस्था समेतका गाउँपालिका क्षेत्रभित्रका कार्यालयहरुमा सुशासन विकास इकाई (governace development unit) स्थापना गर्दै जाने नीति लिइनेछ ।

६. गाउँ कार्यपालिका र वडा कार्यालयहरुको दरबन्दी सरंचना संघीय सरकार र प्रादेशिक सरकारसँग संगठन र विकास (organization and Management) सम्बन्धी आवश्यक समन्वय, परामर्श र साझेदारी गरी सोही अनुरुप पदपूर्ति, समायोजन, दरबन्दी सिर्जना, सरुवा, बढुवा तथा वृत्ति विकास प्रणाली (career development system) लाई व्यवस्थित गरिनेछ ।

७. संघीय तथा प्रादेशिक सरकारको अनुदानमा प्राप्त हुने योजना, परियोजना तथा जिल्ला समन्वय समितिबाट समायोजन भई आउने विभिन्न दरबन्दीका कर्मचारीहरुको यथोचित परिचालन गर्ने नीति अवलम्बन गर्नुका साथै उक्त पदहरुको कार्यबोझ, कार्यपद्दति र कर्मचारीको आवश्कता लगायतका विषयहरुको अध्ययन गरी दरबन्दी हेरफेर तथा कटौति गर्दै जाने र स्वर्णिम विदाई (golden handshake) गर्ने सहितको मानव संशाधन व्यवस्थापन (human resource management) नीतिलाई अवलम्बन गरिनेछ ।

८. गाउँपालिकाको क्षमता वृद्धि लगायतको कार्य प्रभावकारी गर्न, सेवा प्रवाह, कर्मचारी व्यवस्थापन लगायतका विषयलाई प्रभावकारी बनाउन आन्तरिक श्रोत वृद्धि गर्न कर प्रणाली (tax system)लाई फराकिलो तथा प्रभावकारी बनाइनेछ ।

९. मिक्वाखोला गाउँपालिका मातहतका कर्मचारी प्रशासन सम्बन्धी विनियम, कर्मचारी कल्याण कोष, मर्मत सम्भार कोष लगायतका विनियम, निर्देशिका तथा कार्यविधिहरु तय गरिनेछ ।

१०. विद्युतीय शासन प्रणाली (e-governance system) मार्फत मिक्वाखोला गाउँपालिका क्षेत्रका सबै सरकारी तथा गैरसरकारी कार्यालयहरुको काम

कारवाहीहरुमा प्रभावकारिता ल्याउन कर्मचारीहरुको क्षमता विकास जस्ता कार्यक्रमहरु संचालन कार्यलाई अवलम्बन गरिनेछ ।

११. क्षमता विकास योजना (capacity development plan) तय गरी गाउँपालिकाको आवश्यकता र चाहना अनुरुप अवलम्वन गरिनेछ ।

१२. गाउँपालिकामा आवश्यकता अनुसार स्थानीय तहको दरबन्दी सिर्जना गरी आवश्यक प्रक्रिया पुर्‍याई स्थायी नियुक्ति दिने व्यवस्था गरिने छ ।

सामाजिक आर्थिक उद्यमशिलताको विकास गर्दै युवा लक्षित सेवा, सुविधा र रोजगार लगायतका अवसरहरुमा वृद्धि गर्दै पलायन हुनबाट जोगाउन विभिन्न किसिमका क्षमता विकास तथा आयआर्जनका कार्यक्रमहरु सञ्चालन गर्न रोजगार सूचना केन्द्र स्थापना सम्बन्धमा आवश्यक कदम बढाइनेछ ।

# धन्यबाद॥

..................................

श्री राम कुमार साँवा

सभाध्यक्ष